बागमती प्रदेश सरकार

उद्योग, वाणिज्य ,भूमि तथा प्रशासन मन्त्रालय

उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय

# उद्योग तथा वाणिज्य कार्यालय

भरतपुर, चितवन, नेपाल

## प्राङ्गारिक मल बनाउने तालिम सञ्चालन सम्बन्धी सूचना।

(सूचना प्रकाशित मितिः २०८३/०१/२१)

यस कार्यालयको चितवन जिल्ला स्थित पशुपालन गरिरहेका किसानहरूका लागि **प्राङ्गारिक मल (गाई भैंसिको मलमुत्रबाट) बनाउने तालिम** सञ्चालन गरिने भएकोले तालिम लिन ईच्छुक नेपाली नागरिकहरूले यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र (अन्तिम दिन सार्वजनिक बिदा परेमा त्यसको भोलिपल्टसमेत) तोकिएको ढाँचामा आवश्यक अन्य कागजातसहित निवेदन दिनुहुन सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

<u>तालिम सम्बन्धी अन्य थप जानकारी</u>

(क) **तालिम अवधिः** सैद्धान्तिक २ दिन कार्यालयमा हुने र प्रयोगात्मक आवश्यकता अनुसार बढीमा १ महिना।

(ख) **तालिमका लागि आवश्यक सङ्ख्याः** १५ जनाको समूह।

(ग) **प्रशिक्षार्थी छनौट विधिः** व्यक्तिगत अन्तर्वार्ता, **अन्तर्वार्ताः** टेलिफोनबाट गरिने।

(घ) **तालिम सञ्चालनः** मिति २०८३/०१/३१ गतेदेखि कार्यालयमा २ दिन सैद्धान्तिक हुने र त्यसपछि प्रयोगात्मक तालिम किसानको गोठमा हुने। अनलाईन माध्यमबाट मनिटरिङ तथा प्राविधिक समस्या समाधान हुने।

(ङ) **प्रशिक्षार्थीको योग्यताः**

- बागमती प्रदेश चितवन जिल्ला भित्र बसोबास गर्ने नेपाली नागरिक,
- शैक्षिक योग्यता, तालिमको विषय र कार्यविधिमा उल्लेख भए बमोजिमको।

(च) **निवेदन साथ पेश गर्नुपर्ने कागजातहरूः**

- नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी,
- २ प्रति पासपोर्ट साईजको फोटो तथा अन्य आवश्यक कागजातहरू।

(छ) **निवेदन दिने अन्तिम मितिः** मिति २०८३ बैशाख २८ गते कार्यालय समय भित्र।

(ज) **छनौट भएका प्रशिक्षार्थीहरूले पाउने सुविधाः** यातायात खर्च (एकमुष्ट रु. ५००|-) तालिम सम्पन्न भएपछि उपलब्ध गराइनेछ।

<u>नोटः-</u>

- तालिमसम्बन्धी सम्पूर्ण क्रियाकलाप तालिम सञ्चालन सम्बन्धी कार्यविधि, २०८१ अनुसार सञ्चालन गरिने छ। साथै आवश्यकताका आधारमा अन्य खरिद कानुनको प्रक्रिया पुरा गरी कार्यालय/निकाय/संघसंस्थाहरू मार्फत् सञ्चालन गरिने छ।
- निवेदनको ढाँचा कार्यालयको फेसबुक पेज तथा वेवसाइटबाटसमेत प्राप्त गर्न सकिने छ ।
- यस सम्बन्धमा थप जानकारी आवश्यक परेमा सम्पर्क फोन नं. ०५६-५९४११६, ५९०१९६ वा मोवाइल नं. ९८४५०५७१५१ मा सम्पर्क राख्न सकिने छ।

२०८३।०१।२१

शक्तिमान कुमाल

कम्प्युटर अधिकृत

अधिकृतस्तर सातौं

फोन : ०५६-५९४११६, ५९०१९६, इमेलः icochitwan@bagamati.gov.np, csiochitwan@gmail.com